# वैदेशिक रोजगार न्यायाधिकरण

बबरमहल, काठमाडौं

मिति :- २०७७।०२।०६

च.नं. ३९८१

शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७७।०२।०६

यस न्यायाधिकरणको देहायका कार्य गोप्य शिलबन्दी दरभाउ पत्रव्दारा गराउन मिति २०७६।११।२३ मा राजधानी राष्ट्रिय दैनिक र यस न्यायाधिकरणको वेभसाइट www.fet.gov.np मा सूचना प्रकाशित गरिएकोमा नियमानुसार आवश्यक संख्यामा दरभाउ पत्र पेश नभएकोले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र नियमानुसार इजाजत प्राप्त इच्छुक कम्पनी, फर्म वा सप्लायर्सले यस न्यायाधिकरणवाट उपलब्ध हुने दरभाउ पत्र फाराम भरी सोह्रौं दिनभित्र पेश गर्नु हुन पुन: यो सूचना प्रकाशित गरिएको छ।

(१) भवन रंगरोगन, इजलास निर्माण, केही कक्षहरुको मर्मत लगायत अन्य निर्माण कार्यको स्पेसिफिकेशन एवं विस्तृत विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

(२) दरभाउपत्र फाराम यस न्यायाधिकरणको लेखा शाखाबाट रु.१,०००।- (एक हजार) पछि फिर्ता नहुने गरी बुझाई दरभाउ पत्र कार्यालय समय भित्र खरिद गर्न पाईनेछ ।

(३) दरभाउपत्र पेश गर्दा कम्पनी दर्ताको प्रमाणपत्र व्यवसाय दर्ताको इजाजतपत्र मु.अ.कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्वर (Pan) आ.व.२०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर विवरणको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(४) दरभाउपत्र दाताले यस सिलबन्दी दरभाउपत्रमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा उपलब्ध गराउनु पर्नेछ ।

(५) पेश भएका दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्टबाट ४५ दिनको हुनेछ ।

(६) दरभाउपत्रदाताले धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहलको नेपाल राष्ट्र बैंकमा रहेको १२०१२००-००१-००२-५२४ धरौटी खातामा जम्मा गरी रकम जम्मा गर्न पठाउने कार्यालयको नाम वैदेशिक रोजगार न्यायाधिकरण, कार्यालय कोड ३७१००३५०२, पुरानो कार्यालय कोड २७-३७१-०९ उल्लेख गरेको (रकम जम्मा गर्नुको कारण वा विवरण र कम्पनी वा फर्मको नाम खोल्नु पर्नेछ ) सक्कल भौचर

वा सो रकम बराबरको वाणिज्य बैंकले जारी गरेको बिडबण्ड जमानत अनिवार्य रुपले पेश गर्नु पर्नेछ । दरभाउपत्र बुझाउने अन्तिम दिनबाट ७५ दिनभन्दा कम अवधिको बैंक ग्यारेन्टी संलग्न भएको दरभाउपत्र स्वत: रद्द हुनेछ । दरभाउ स्वीकृत भएमा बोलकबोल रकमको ५% कार्य सम्पादन जमानत (नगद) दाखिला गरेको भौचर वा बैंक परफरमेन्स ग्यारेनटी पेश गर्नु पर्नेछ

(७) दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले सोह्रौं दिनको ११.३० बजेसम्म बुझाई सक्नु पर्नेछ । प्राप्त दरभाउपत्रहरु सोही दिन दिनको १.३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस न्यायाधिकरणमा खोलिने छ। यदी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दरभाउपत्रहरु विना कारण, आंशिक वा पुरा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा निहित रहने छ ।

(८) दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट अन्तिम दिन वा खोल्ने दिन कायम हुनेछ ।

(९) रीत नपुगी, म्याद नाघी वा कुनै सर्त राखी पेश हुन आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्र फाराममा उल्लेख गरिएका दरभाउमा अंक र अक्षरमा प्रस्ट बुझिने गरि लेख्नु पर्नेछ । दरभाउपत्रमा अंक र अक्षर फरक परेमा अक्षरमा उल्लेखित दरभाउलाई मान्यता दिईने छ ।

(१०)यस सम्वन्धमा थप जानकारी लिनु परेमा न्यायाधिकरणमा सम्पर्क गरी बुझ्न सकिने छ । यसमा लेखिए जतिको हकमा यसै बमोजिम र यसभन्दा बाहेकको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

देहाय

| दरभाउपत्र सूचन नं. | गर्नु पर्ने कामको विवरण | लागत अनुमान (मु.अ.कर बाहेक) | न्युनतम जमानत रु. |
|---|---|---|---|
| २/२०७६/०७७ | भवन रंगरोगन, इजलास निर्माण, केही कक्षहरुको मर्मत एवं अन्य निर्माण कार्य | १०,५९,५०२।- | ३२,०००। |

२०७६।०९।०५
रजिष्ट्रार